उत्तरगया गाउँपालिका
(Uttargaya Rural Municipality)
# गाउँ कार्यपालिकाको कार्यालय
(Office of Rural Municipal Executive)
लहरेपौवा, रसुवा (Laharepauwa, Rasuwa)
बागमती प्रदेश, नेपाल (Bagmati Province , Nepal)

प.स(Ref. No.) २०८२/०८३
च.न.(Dispatch No.)

मितिः२०८२/०६/०८

**प्रथम पटक प्रकाशित मिति २०८२/०६/०८**

**उत्तरगया गाउँपालिका ४ नं वडा कार्यालयको प्रशासनिक भवनका लागि जग्गा प्राप्ति सम्बन्धी सार्वजनिक सूचना ।**

उत्तरगया गाउँपालिका ४ नं वडा कार्यालयको प्रशासनिक काम हाल लहरेपौवा स्वास्थ्य चौकीको भवनबाट सञ्चालन भईरहेको व्यहोरा सर्वविदितै छ ।उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८२/०६/०३ को बैठकको निर्णयानुसार यस उत्तरगया गाउँपालिका ४ नं वडा कार्यालयको प्रशासनिक भवन निर्माणको लागि तपसिल बमोजिमको मापदण्ड पुगेको जग्गा निःशुल्क प्राप्त गर्नुपर्ने भएकोले इच्छुक जग्गादाताहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र जग्गा धनीपूर्जाको प्रमाणपत्रको प्रतिलिपि, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, चार किल्ला प्रमाणित प्रतिलिपि, आ.व.२०८१/०८२ को मालपोत तिरेको रसिदको प्रतिलिपि र अंशियारहरुसहितको मञ्जुरीनामा पत्र संलग्न गरी रु.१० टिकट टाँस गरी यस गाउँपालिकाको कार्यालयमा रीतपूर्वक निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**मापदण्डहरु**

१. उत्तरगया गाउँपालिकाको वडा नं ४ स्थित तल्लो कर्मीडाँडा देखि माथिल्लो कर्मीडाँडा सम्मको क्षेत्र ।
२. जग्गा एक सगोलमा कम्तीमा १ रोपनी क्षेत्रफल भएको हुनुपर्ने ।
३. भविष्यमा वडा कार्यालयलाई आवश्यकता अनुसार क्षेत्र विस्तार गर्न सकिने खुला ठाउँ हुनुपर्ने ।
४. भौगोलिक, प्रशासनिक, वातावरणीय र प्राविधिक रुपले उपयुक्त हुनुपर्ने ।

२०८२/०६/०८

होमनाथ दाहाल
प्रमुख प्रशासकीय अधिकृत

"समृद्ध उत्तरगया, सभ्य र खुशी उत्तरगयाबासी"